www.kailashmun.gov.np

www.kailashruralmunicipal@gmail.com

२०७६।८।२२

बैठक नं.- ०४

मिति:- २०७६।०८।२२ गते ।

समय:- ११:०० बजे ।

स्थान:- कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

आज मिति २०७६।०८।२२ गते आइतबारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष्य श्री टंक बहादुर मोक्तान ज्युको अध्यक्ष्यतामा कैलाश गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यापालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहायअनुसारको प्रस्तावहरूमाथि छलफल गरि निम्नानुसारको निर्णय सर्वसम्मतिले पारित गरियो ।

## तपशील

**उपस्थिति:**

| | |
|---|---|
| श्री टंक बहादुर मोक्तान | :- अध्यक्ष्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुकुमाया थिङ्ग | :-उपाध्यक्ष्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री पेमा योन्जन | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री राजेन्द्र घिसिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री देव लाल बल | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री तिलक बहादुर मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री छेकु लामा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री ठुलो कान्छा लामा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री उदाश कुमार भ्लोन | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुर्ज कुमार थिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुमन लटौला | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री मणिक लाल मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री लक्ष्मी मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री आशिष प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री राममाया प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री फुलमाया सिन्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री गोबिन्द बि.क. | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री संगिता प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री लोकबहादुर कुसारी | :- सदस्य-सचिव, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री प्रकाश राई | :- आइन्यूट सहयोगी, कैलाश गा.पा. मकवानपुर |

## बैठकका एजेन्डाहरु :-

१. गत महिनाको कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन तथा समिक्षा सम्बन्धमा ।

२. उपभोक्ता समिति गठन ताकेता सम्बन्धमा ।

३. टेन्डर सम्बन्धमा ।

४. कार्यक्रमहरुका प्रस्तावना माग सम्बन्धमा ।

५. खर्च अनुमोदन सम्बन्धमा ।

६. सडक मर्मतको शिर्षक सम्बन्धमा ।

७. गाउँ शिक्षा समितिको निर्णय सम्बन्धमा ।

८. बिबिध सम्बन्धमा ।

## निर्णयहरु :-

***निर्णय नं. १ :-*** प्रस्ताव न १ को बिषयमा आवश्यक छलफल गर्दा गाउँकार्यपालिकाले गरेका कानून सम्मत नीतिगत निर्णयहरु यस गाउँपालिकाको मौजुदा सार्वजानिक यन्त्रमार्फत सामान्य तवरले कार्यान्वन (execution) गरिरहेको अवस्था रहेको । गत महिनाको गाउँकार्यपालिका निर्णयहरु र सार्वजानिक नीतिहरुको कार्यान्वयन गर्ने शिलशिलामा अपर्यास कर्मचारीका कारण अपेक्षित उपलब्धि हासिल गर्न नसकेको । मौजुदा तथा भइरहेका कर्मचारीमा निहित क्षमता( talents) मार्फत भरपुर कार्यसम्पादन गर्न निर्देशन दिदै आगामि दिनहरुमा अपेक्षित नतिजा प्रास गर्न जनप्रतिनिधि र कर्मचारीहरुबिच आपसि सहकार्य र समन्वय गर्दै जाने समिक्षा गरियो ।

***निर्णय नं. २ :-*** प्रस्ताव न २ को बिषयमा आवश्यक छलफल गर्दा गाउँकार्यापालिकाको निर्णय मार्फत कार्तिक मसान्तभित्र उपभोक्ता समिति गठन गर्ने भएको र वडा कार्यालयलाइ कार्यालयबाट पत्राचारसमेत गरिसक्दा कतिपय वडाहरुले हालसम्म पनि उपभोक्ता समिति गठन कार्य सम्पन्न नगरेकाले २०७६ मंशिर मसान्त सम्म सो कार्य गर्न यसै बैठकमार्फत ताकेता गर्ने निर्णय गरियो ।

***निर्णय नं. ३ :-*** प्रस्ताव न ३ को बिषयमा आवश्यक छलफल गर्दा गाउँपालिकाको स्वीकृत योजना र बजेट अनुसार र मिति २०७६।०५।११ गतेको कार्यापालिकाको बैठकको निर्णय बमोजिम रु २५ लाख भन्दा माथिको योजना तथा कार्यक्रमहरु टेण्डर गर्ने नीति भएको र सो कार्यको लागत अनुमान बनाउने कार्य भइरहेको सन्दर्भ साथै बिबिध कारणले कार्य अगाडि नबढेकाले सो कार्य ( टेन्डर सम्बन्धि कार्य) यस आवको पुसको पहिलो हसाभित्र गर्ने निर्णय गरियो ।

***निर्णय नं. ४ :-*** प्रस्ताव न ४ को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको स्विकृत कार्यक्रम तथा तालिम जस्ता नरमजन्य कार्यक्रमहरु( software program) को TOR, PROPOSAL तयार गर्न यस कार्यालयमा दक्ष जनशक्ति अभाव भएकाले बिज्ञ कल्टेन्सि मार्फत सो कार्य चालु आवको पुस महिनाको ७ गतेभित्र गर्ने निर्णय गरियो ।

***निर्णय नं. ५ (१) :-*** प्रस्ताव न ५ को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको प्रथम चौमासिक खर्च प्रतिवेदन यस अघिको कार्यपालिकाको बैठक मिति २०७६।०७।२९ मा समिक्षा भइसकेको सन्दर्भमा सोलाइ मध्यनजर गर्दै र गाउँपालिकाको स्वीकृत बजेट तथा कार्यक्रमहरुको हालसम्मको आय व्ययको समिक्षा गरि हालसम्म भए गरेका चालु तथा पुँजीगत प्रकृतिका सम्पुर्ण खर्चहरु सर्बसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।



अध्यक्ष

***निर्णय नं. ५ (२)*** :- प्रस्ताव न ५ को बिषयमा आवश्यक छलफल गर्दा मातृभुमी छापाखाना हेटौंडा मकवानपुरबाट गाउँपालिकाको बिधालयहरुको परीक्षाजन्य सामग्रिहरु खरिद यस गाउँपालिकाको परीक्षा समितिले गरेकाले गाउँपालिकाको स्विकृत बजेटको परिधिभित्र रहि उक्त खरिद कार्य अनुमोदन गर्दै उक्त लागत खर्च भुक्तानी गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

***निर्णय नं. ६*** :- प्रस्ताव नं ६ को बिषयमा आवश्यक छलफल गर्दा मिति २०७६।०५।११ गतेको गाउँकार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाको अवरुद्ध सडक मर्मतको खर्च शिर्षक बिपद मर्मत कोष भएकोमा सो नभइ स्विकृत योजना बजेट तथा कार्यक्रममा पुर्बाधार तर्फको भैपरी आउने सडक मर्मत भएकोमा सोही अनुसार कायम गर्ने निर्णय गरियो ।

***निर्णय नं. ७*** :- प्रस्ताव नं ७ को बिषयमा आवश्यक छलफल गर्दा मिति २०७६।८।१४ गते बसेको गाउँ शिक्षा समितिका सम्पुर्ण निर्णयहरु यस बैठकमा बृहत छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो ।

***निर्णय नं. ८*** :- प्रस्ताव नं ८ को विविध बिषयमा आवश्यक छलफल गर्दा देहायअनुसार हुनेगरि निर्णय सर्बसम्मतिले पारित गरियो ।

<u>तपशील</u>

✓ **सडक सरसफाईको बजेट अनुमोदन सम्बन्धमा ।**

निर्णय नं.**१** : कैलाश गाउंकार्यपालिकाको मिति २०७६/०५/११ गतेको बैठकबाट यस गाउंपालिका स्थित बिभिन्न वडाहरुमा सडक अबरुद्ध भै यातायात लगायतको सवारी साधनहरु आवत जावतमा समस्या भएको हुदां प्राविधिक सर्भे लागत अनुमान तयार गरी सोको मूल्यांकनको आधारमा कार्यपालिकाले मर्मत तथा बिपद कोष मार्फत आवश्यक प्रक्रिया पुरा गरी भुक्तानी दिने निर्णय भएकोमा सो कार्यको प्राविधिक शाखाबाट कैलाश गा.पा.स्तरिय सडक मर्मत योजना, कैलाश वडा नं.१,२,३,४,५,६,७,८,९ र १० को लागि रु.२७,६४,६२५/५३ को लागत अनुमान तयार भएकोमा उक्त शिर्षकमा बजेट बिनियोजन नभएको हुदां जनश्रमदान बापतको रु.३,६४,६२५/५३ कट्टा गरी बांकी रु.२४,००,०००/ चालु आ.व.२०७६/०७७ को स्थानीय सडक पुल भ्रो.पु.शिर्षकको भैपरी सडक मर्मत शिर्षकबाट खर्च ब्यहोर्ने गरी पछि कार्यपालिका बैठकबाट अनुमोदन हुने गरी भएको कार्यालयको मिति २०७६/०५/२६ को निर्णय अनुमोदन गरियो ।

✓ **अध्ययन अबलोकन भ्रमणको लागि बजेट बिनियोजन गर्ने सम्बन्धमा ।**

निर्णय नं.**२** : नेपाल सरकारको हालैको नीति अनुरुप नेपाल भ्रमण बर्ष २०२० लाई सफल पार्न र सोको प्रवर्द्धन गर्न यस गाउंपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धि तथा मनोबल उच्च राख्न अध्ययन अबलोकन भ्रमण कार्यक्रमको लागि चालु आ.व.२०७६/०७७ को मानव संसाधन विकास कार्यक्रमबाट रु.५ लाख बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

✓ **लैंगिक हिंसा बिरुद्धको अर्न्तक्रिया कार्यक्रमको लागि बजेट बिनियोजन गर्ने सम्बन्धमा ।**

निर्णय नं.**३** : यस गाउंपालिकामा १ दिने लैंगिक हिंसा बिरुद्धको अर्न्तक्रिया कार्यक्रम संचालन गर्नको लागि चालु आ.व.२०७६/०७७ को चालु खर्च शिर्षक अर्न्तगत बिविध कार्यक्रमबाट रु.१,३०,०००/ बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

✓ सव ईन्जिनियर तहको प्राविधिक मांग गर्ने सम्बन्धमा ।

निर्णय नं.४ : यस कैलाश गाउंपालिकाको चालु आ.व.२०७६/०७७ मा स्वीकृत विभिन्न आयोजनाहरुको लागत अनुमान, मूल्यांकन लगायत फिल्ड अनुगमन गर्ने कार्यको लागि प्राविधिक कर्मचारी निकै कम भएको र तोकिएको समय भित्र आयोजनाहरु सम्पन्न गराई स्थानीय जनतालाई छिटो छरितो तरिकाले सेवा प्रवाह गर्नु पर्ने स्थिति रहेकोले हाल सव ईन्जिनियर (सहायक पांचौ तह) को २ जना प्राविधिक कर्मचारी मांग गर्नको लागि प्रशासन शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

✓ स्थायी शिक्षकको हाजिरी सम्बन्धमा ।

निर्णय ५ : श्री शिक्षा विकास तथा समन्वय ईकाई, मकवानपुरको च.नं.७९३ मिति २०७६/०८/०४ को पत्रानुसार शिक्षा सेवाको प्राथमीक तहमा स्थायी नियुक्ती भई पदस्थापनाका लागि गाउं शिक्षा समिति, कैलाश गाउंपालिकाको मिति २०७६/०८/१४ को निर्णयानुसार पदस्थापना गरीएकोमा निज शिक्षकहरुको हाजिरी गाउंपालिकामा पदस्थापनाका लागि दिईएको निवेदन मितिमै कायम हुने गरी तत तत् बिधालयमा जानकारी गराउने निर्णय गरियो ।

✓ घरभाडा बापतको रकम भुक्तानी दिने सम्बन्धमा ।

निर्णय ६ : यस गाउंपालिकाको लागि आवश्यक घर भाडामा लिएकोमा सो बापत संझौता बमोजिम गत बर्षको तिर्न बांकी (२०७५ माघ महिना देखि २०७६ कार्तिक महिना सम्म) रु.४६,०००/ घरभाडा रकम घरधनी श्री हरिदास रिजालबाट संझौता सहितको निवेदन पेश हुन आएकोले उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

✓ आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय ७ : यस गाउंपालिकामा तपसिलका संघ सस्था तथा ब्यक्तिहरुबाट आर्थिक सहयोग मांग भै आएकोमा देहाय अनुसार हुने गरी आर्थिक सहयोग गर्ने निर्णय सर्वसम्मतीले निर्णय गरियो ।

तपसिल

| सि.नं. | सहयोग मांग गर्ने संघ सस्था तथा ब्यक्तिको नाम | सहयोग मांगको बिवरण | सहयोग मांग रकम | उपलब्ध गराउने सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | श्री सोमान सिं प्रजा, कैलाश ४ | आगलागी बापत सहयोग मांग | | मापदण्डअनुसार | |
| २ | हेटौडा भेट्रान्स क्लब, हेटौडा | स्वास्थ्यको लागि खेलकुद प्रतियोगिता संचालन | उल्लेख नभएको | १०००० | उपयुक्त चालु |
| ३ | जनजागरण युवा क्लब, कैलाश ७ कोथलीटार | फुटबल प्रतियोगीता संचालन | उल्लेख नभएको | ५०००० | चालु बिबिध |
| ४ | कमला देवी मा.वि., कैलाश २ छ्याङदुङ | बिधालय नजिक को पहिरो रोकथाम गर्न | ५० थान जाली र ढुंगा | लागत अनुमान अनुसार | स्वीकृत बजेटअनुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | रमनटार युवा क्लब मनहरी | भलिबल प्रतियोगिता | | २५००० | चालु उपयुक्त |
| ६ | मिस तामाङ | तालिम | | १०००० | चालु उपयुक्त |

- मिति २०७६।७।२९ गते बसेको कार्यपालिकाको बैठकको निर्णय अनुसार खानेपानीको मर्मत सम्भार भएकोमा नामटार सिचाइ मर्मत योजना कायम गरि सो रु एक लाख बजेट समेत सोही शिर्षकमा कायम गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।
- धुवाङ मावि कैलाश ८ को बिधालय घडेरीको मेशिनरी वाल प्राविधिक लागत अनुमानका आधारमा हुनेगरी स्विकृत योजनाको भैपरी पुजीगत निर्माण मर्मत बाट व्यहोर्ने गरि योजना सम्झौता गरि कार्य सन्चालन गर्ने निर्णय गरियो ।
- अपाङ्गता परिचयपत्र वितरण कार्यविधि, २०७६ अन्तर्गत समन्वय समितिमा कार्यपालिका सदस्यबाट श्री राम माया प्रजालाई तोकियो।
- यस गाउँपालिकाका लागि आवश्यक कृषक र प्रविधि पत्रिका चालु आवको श्रावण महिनादेखि असार मसान्तसम्मको जम्मा रु १६५०० सोह हजार पाँच सय उपयुक्त शिर्षका आधारमा भुक्तानी दिने निर्णय गरियो ।
- कैलाश गाउँपालिकाको कार्यालयको कार्यालय सहयोगी तर्फको बिज्ञापनमा मधेशि तर्फको आरक्षण कोटा दरखास्त नपरेकाले सो लाइ खुलातर्फ समायोजन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।
- सुन्दरिकालि प्रा.वि. कैलाश ८ को शैक्षिक विकास अनुदान रु.१,९०,०००।– (एक लाख नब्बे हजार मात्र), कालिका प्रा.वि. कैलाश ७ लाइ रु. १,००,०००।– (एक लाख मात्र) शैक्षिक संस्था अनुदान शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।
- यस गाउँपालिकाको लागि आवश्यक चार पाङ्गरे गाडि एक महिनाको लागि गाडि भाडा शिर्षकबाट खर्च व्यहोर्ने गरि रु. १,००,०००।– नबढ्ने गरि कार्यालयबाट गाडि भाडामा लिने निर्णय गरियो।
- नामटार कृषि मेला प्रदर्शनको लागि रु. १,००,०००।– बिबिध कार्यक्रम खर्च शिर्षकबाट खर्च व्यहोर्ने निर्णय गरियो।
- यस गाउँपालिकाको विभिन्न स्थानहरुमा विद्धुत वितरण केन्द्र देखी बिजुली पोल ढुवानी गरे बापत कैलाश वडा नं. १ र २ को हकमा रु. ६००।– को दरले र अन्य वडाहरुको हकमा रु. ५००।–को दरले चालु भैपरी खर्च शिर्षकबाट खर्च व्यहोर्ने निर्णय गरियो।
- **Initial Environmental Examination (IEE)** चालु आ.ब.को मंसिर मसान्त भित्र सम्बन्धि बिज्ञ तथा संस्थालाई पत्राचार गरी कार्य अगाडि बढाउने साथै सो कार्यका लागि कार्यालयको **TOR** को आधारमा रु. ५,००,०००।– कन्टेनजेन्शि शिर्षकबाट खर्च व्यहोर्ने गरि निर्णय गरियो।
- यस गाउँपालिकाको बिभिन्न स्थानहरुमा रहेका खानेपानि हरुको मर्मत सम्बन्धि कार्य गर्न प्रत्येक वडाहरुमा निवेदन माग गर्ने निर्णय गरियो।
- यस कैलाश गाउँपालिकाको उपोभोक्ता समिति तालिम तपशिल वडाहरुमा तपशिल मितिमा गर्ने निर्णय गरियो।

तपशिल

| क.स. | वडाहरु | मिति |
|---|---|---|
| १ | १० | २०७६/०८/२८ |
| २ | ३ | २०७६/०८/२९ |
| ३ | ८ | २०७६/०८/३० |
| ४ | ७ | २०७६/०९/०१ |
| ५ | ४ | २०७६/०९/०२ |
| ६ | ९ | २०७६/०९/०३ |
| ७ | १ | २०७६/०९/०४ |
| ८ | २ | २०७६/०९/०५ |
| ९ | ६ | २०७६/०९/०६ |
| १० | ५ | २०७६/०९/०७ |

✓ जिल्ला समन्वय समितिको कार्यालयको चं नं ३७२ मिति २०७६।०८।२० गतेको प्राप्त पत्रानुसार तिन वटा पर्यटन गन्तव्य स्थल कार्यापालिकाबाट निर्णय गराइ यहि महिनाको २५ गते हुने जिल्ला समन्वय बैठकमा उपलब्ध हुने गरि पठाउने निर्देशन भएको हुँदा यस गाउँपालिकाको तपशिल बमोजिम पर्यटन गन्तव्य स्थल छनौट गरि पठाउने निर्णय गरियो ।

- कैलाश बैकुण्ठ कैलाश २
- देखारी पर्यटन पार्क कैलाश ७
- घैराङ पर्यटन पार्क कैलाश ९